# श्रीस्वस्थानी व्रतकथामा के छ ?

विधिपूर्वक महिनादिनसम्म स्वस्थानीदेवीको पूजा आराधना गर्नाले मनोकांक्षा सिद्धि हुने र यस लोकमा सुखसम्पत्ति पाई परलोकमा समेत मोक्ष हुने कुराको उल्लेख स्कन्दपुराणको केदारखण्ड र माघमाहात्म्य, पद्मपुराण आदि ग्रन्थहरूले गरेका छन् ।



विश्वनाथ खरेल

नेपाली समाजमा श्रीस्वस्थानी व्रत माहात्म्यको पर्व गत माघ १५ गते बिहीबारदेखि सुरु भई फागुन १५ गते शनिबारसम्म हुँदै छ । यतिबेला नेपाली श्रद्धालु भक्तजनहरू एक छाक शुद्ध अन्न खाई प्रत्येक दिन दिउँसो श्रद्धा र भक्तिपूर्वक शिवपार्वतीको पूजा गरेर साँझ श्रीस्वस्थानी व्रत माहात्म्य श्रवण गरी यो पर्व मनाउने गर्दछन् । हरेक वर्ष पौषशुक्ल पूर्णिमादेखि प्रारम्भ भई माघ शुक्लपूर्णिमासम्म हिन्दू धर्मावलम्बीहरूले चोखो बसी घरमा स्वस्थानीको पूजाराधना गर्नुका साथै कथा सुन्ने र सुनाउने चलन छ ।

सत्ययुगमा हिमालयकी पुत्री पार्वतीले महादेव पति पाउन स्वस्थानीको कठोर व्रत बसेको र मनोकांक्षा पूरा भएको विश्वासमा स्वस्थानीको व्रतकथा प्रचलनमा आएको पाइन्छ । व्रतालुहरूले पौष शुल्कपूर्णिमाको दिन बिहानै हात खुट्टाको नङ काटेर, स्नान गरी चोखो लुगा लगाएर व्रत सुरु हुन्छ । माघ शुक्लपूर्णिमासम्म व्रतावधिभर व्रतालुहरूले एक छाक चोखो खाई एक सय आठ पान, एक सय आठ कुड्का सुपारीलगायत सामग्रीले स्वस्थानीको पूजा गर्ने प्रचलन छ । व्रत समाप्तिको दिन ती रोटी, पान सुपारी आफ्ना श्रीमान्लाई, श्रीमान् नभए छोरालाई, छोरा नभए मितछोरालाई, मितछोरा पनि नभए मेरो इच्छा पूरा होस् भनेर नदीमा विसर्जन गरी बाँकी आफूले खाने चलन छ ।

यसरी विधिपूर्वक महिनादिनसम्म स्वस्थानीदेवीको पूजा आराधना गर्नाले मनोकांक्षा सिद्धि हुने र यस लोकमा सुखसम्पत्ति पाई परलोकमा समेत मोक्ष हुने कुराको उल्लेख स्कन्दपुराणको केदारखण्ड र माघमाहात्म्य, पद्मपुराण आदि ग्रन्थहरूले गरेका छन् । यसर्थ यो व्रत बस्नाले सुख शान्ति समृद्धि मिल्नुका साथै रोगव्याधी पनि नष्ट हुने विश्वास गरिन्छ । काठमाडौंको साँखुस्थित शालीनदी, पशुपति, गौरीघाट, सतीदेवीको अंगपतन भएको मानिने धार्मिकस्थलहरू तथा



महादेव मन्दिरमा श्रद्धालुहरूको घुइँचो लागेको छ । ती स्थानहरूमा एक महिनाभर मेला लाग्ने गर्दछ ।

स्वस्थानी शब्द स्वस्थानमा ई प्रत्यय लागेर बनेको हो । स्वस्थान भन्नाले आफैंमा रहने भन्ने अर्थ हुनाले स्वस्थानीको अर्थ आफ्नै वरपर रहने मातृशक्ति देवी भन्ने बुझिन्छ । स्वस्थानी व्रत नेपाली मूलका हिन्दूहरूलेमात्र मनाउने र स्वस्थानी व्रतकथाभित्र पर्ने लावण्यदेश, सालीनदी, गौरीघाट, मृगस्थली, किरातेश्वर, बागमती नदीलगायत क्षेत्रहरू नेपालभित्रै पर्ने हुनाले नेपालको स्थानीय एवं मौलिक पर्वको रूपमा स्वस्थानीव्रतलाई लिइन्छ । महिनाभर घरघरमा वाचन एवं श्रवण गरिने श्रीस्वस्थानी व्रतकथाको महत्त्व धार्मिक एवं आध्यामिक रूपलेमात्र नभई समाजका विकृतिलाई हटाएर स्वस्थानमा रहन प्रेरित गर्दछ ।

हाम्रो समाजमा अखण्ड सौभाग्य, उत्तम पति, ऐश्वर्य एवं शिवशक्तिको कृपा पाउनको निमित्त स्वस्थानी भगवतीको पूजन हुने गरेको देखिन्छ । यसमा अहंकारले विनाश गराउँछ भन्ने उपमाको लागि महादेवको बाहिरी स्वरूपलाई मात्र हेरेर आफ्नी छोरी सतीदेवी महादेवलाई दिन नमानेका दक्ष प्रजापतिले विष्णुको छलबाट सतीदेवीसँग महादेवले विवाह गरेको प्रसंग स्वस्थानीमा छ । यसमा महादेवलाई नानाप्रकारले गाली एवं निन्दा गरेको सुन्न नसकी सतीदेवीले यज्ञ कुण्डमा हाम्फाली प्राणत्याग गरेको एकातिर छ भने अर्कोतिर नवराजकी स्त्री चन्द्रावती आफ्ना पति राजा भएको खबर सुनी चाँडोभन्दा चाँदो भेट्न लालयित भएकी चन्द्रावतीले स्वस्थानीको प्रसाद अहंकार गरेको कारणले गर्दा ठूलो दुःख र कष्ट पाउनु पर्‍यो ।

त्यसरी नै यसमा प्रेमको सन्देश सतीदेवीलाई महादेवले कैलाश र आफ्नो ज्योति स्वरूपको दर्शन दिएपश्चात् यी दुई पतिपत्नीबीच सुमधुर सम्बन्ध रहेको स्वस्थानीमा देखाइएको छ । सतीदेवीले आफ्ना पतिले खाने भाँड, धतुरोको हिफाजतसँग राखिदिने र भोजन पतिले नखाएसम्म आफूले पनि नखाने जस्ता कार्यबाट पतिप्रेम दर्शाउँछ । देहत्याग गरेकी सतीदेवीलाई समेत बोकेर विक्षिप्त भई हिँड्नु सतीदेवीको सम्पूर्ण अंगपतन भइसक्दा पनि चाल नपाउनु महादेवको पत्नीप्रतिको प्रेम देखिन्छ ।

त्यस्तै गरी यस कथामा परस्त्रीलाई आँखा गाड्नु हुँदैन भन्ने कुराको बोध यहाँ स्पष्ट हुन जान्छ । जब कि जालन्धरले पार्वतीलाई छल गर्न गएको प्रसंगबाट छर्लंग हुन्छ । यस कथामा पितृभक्तिको सन्देश दिएको पाइन्छ । नवराज गर्भमा रहेको बेला उनका पिता शिवशर्मा सुत्केरी खर्च जुटाउन विदेश गएका बाबुलाई खोज खबर गरी मरेको पत्ता लगाई पितृको उद्धार गर्ने कार्य गरे । धर्मशास्त्रमा भनिएको छ कि कुनै पनि पुत्रले पितृको उद्धार नगरी आफ्नो सुखभोगमा मात्र लाग्छ भने त्यो मनुष्य जहाँसम्म चन्द्रसूर्य रहन्छन्, जहाँसम्म पृथ्वी रहछिन्, तहाँसम्म घोर नरकमा पर्छ ।

यसैगरी स्वस्थानी कथामा कसैमाथि पनि पूर्णविश्वास गर्नु हुँदैन भन्ने सन्देशमा पार्वतीलाई छक्याउन महादेव किरातरूप भई जंगलमा बसेका थाहा पाई पार्वती पनि किरातिनी रूप भई महादेवलाई आकर्षित गर्दा महादेव ती किरातिनी पार्वतीसँग विवाह गर्न तयार भए तर किरातिनी रूप पार्वतीले आफ्नो घरमा जाऊ भनेर हिमालय पर्वतको घरमा लग्दा महादेव लज्जित भए । मूलतः हाम्रो जस्तो हिन्दू देशमा स्वस्थानीको पूजा ठूलो उत्साह, उल्लास र समारोहका साथ गरिन्छ ।

अन्तमा भन्नुपर्दा हाम्रो समाजमा स्वस्थानीको महिमा ठूलो र महत्त्वपूर्ण छ । जसका कारण घरघरमा स्वस्थानी माताको विधिपूर्वक पूजा आराधना गरी एक महिना कथा वाचन गरी सुन्ने र सुनाउने गरिन्छ । स्वस्थानी व्रत माहात्म्यमा आएको स्वस्थानीको उपासना गर्दा सबै आवश्यकता पूरा हुन्छ भन्ने प्रसंगले यही नै सन्देश दिन खोजेको बुझिन्छ । यसै सन्दर्भलाई राम्ररी हेर्ने हो भने स्वस्थानी माहात्म्यको पूर्वभागमा दक्षप्रजापतिकी पुत्री सतीदेवीको विष्णुको सहयोगमा महादेवको साथमा विवाह भएको र दक्षप्रजापतिले आफ्ना पति शिवको निन्दा गरेको सहन नसकी सतीदेवीले प्राण त्याग गर्नुभएको प्रसंग आएको छ भने मध्यभागतिर हिमालय पर्वतकी पुत्री पार्वतीको रूपमा पुनर्जीवन लिएकी सतीदेवीले स्वस्थानीको व्रत गरेको प्रभावले महादेवलाई नै पतिको रूपमा प्राप्त गरेको प्रसंग आएको छ ।

स्वस्थानी व्रतकथाको अन्तिम अध्यायमा गोमा ब्राह्मणीले आफ्ना दुई बुहारी चन्दावती र लावण्यवतीलाई विभिन्न उपदेश गरी ढुकुटीको साँचो हस्तान्तरण गरेको प्रसंगबाट हाम्रो नेपाली समाजमा पनि नयाँ पुस्तलाई मौका दिइनुपर्ने सन्देश पाइन्छ । साथै काम र उमेरले पाका भएको व्यक्तिहरूको सम्मान गर्दै उनीहरूले सिकाएको पाठलाई मनन एवं अध्ययन गर्ने हो भने पक्कै पनि समाजको चौर्तफी विकास हुने कुरामा कसैको दुईमत नहोला ।

अतः हाम्रो समाजमा चलिआएको स्वस्थानी कथाले नेपाली समाजमा रहेका विकृत तथा विसंगतिलाई हटाई स्वस्थ समाज निर्माण गर्ने सन्देशको रूपमा लिन सकिन्छ ।

# डोटीमा चितुवा आतंक, सर्वसाधारण त्रसित

**डोटी ।** सुदूरपश्चिम प्रदशेको पहाडी जिल्ला डोटीमा एक सातादेखि चितुवाले आतंक मच्चाउन थालेको छ । जिल्लाको शिखर नगरपालिका–३ आलीअतुरालीको गुबाडी क्षेत्रमा चितुवाले आतंक मच्चाउन थालेपछि स्थानीयवासी त्रसित बनेका छन् । स्थानीयवासी तेजबहादुर बोगटीका अनुसार चितुवाले एक हप्ताको अवधिमा कम्तीमा पनि आठ चौपाया मारेको छ । सोही वडाका खगेन्द्र बोगटीको गाईको बाच्छो, कलुदेवी बोगटीको गाई, शेरबहादुर बोगटीका चार बाख्रा र करी पार्कीका दुईवटा बाख्रा चितुवा मारेको उहाँले बताउनुभयो । बोगटी भन्नुहुन्छ, 'केही दिनयतादेखि चितुवाले आतंक मच्चाउन थालेको छ, हाम्रै गाउँमा आठ चौपाया मारिसक्यो ।'

चितुवाले दिनहुँ गाउँ तथा जंगलमा त्रास उत्पन्न गराउन थालेपछि यहाँका स्थानीयवासी त्रसित बनेका हुन् । प्रमुख जिल्ला अधिकारी भीमप्रसाद भट्टराईले चितुवाले आतंक मच्चाइरहेको भन्ने खबर पाएपछि सो क्षेत्रमा प्रहरी टोली खटाइएको बताउनुभयो । उहाँले भन्नुभयो, 'चितुवाले आतंक मच्चाउन थालेको भन्ने खबर आएको छ, क्षतिका बारेमा बुझ्न प्रहरी टोली पठाएका छौं, चितुवा नियन्त्रणमा लिने प्रयास गर्ने छौं ।'

स्थानीयवासीका अनुसार गाउँनजिकै पर्ने कुयपानी सामुदायिक वनभित्र पर्ने जंगलमा विगत लामो समयदेखि एउटा चितुवा बस्दै आएको र दिउँसो वनमा डुल्ने राति गाउँभित्रै पसेर गाउँमा आतंक मच्चाइरहेको छ । सम्भावित मानवीय जोखिमलाई मध्यनजर गर्दै उक्त चितुवालाई नियन्त्रणमा लिन जिल्ला प्रशासन कार्यालयलाई गाउँवासीले आग्रह गरेका छन् ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
**वढुवा समितिको सचिवालय, मुगु**

**वढुवा सिफारिस सम्बन्धी सुचना**

**सूचना प्रकाशित मिति २०७७।११।१२**

नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समुहको रा प अनं प्रथम श्रेणीको नायब सुब्बा पदमा बढुवाका लागि लोक सेवा आयोग सुर्खेत कार्यालयको विज्ञापन नम्बर २३७-०७७/७८, जेष्ठता तथा कार्यसम्पादन मूल्यांकन तर्फको पद संख्या एक र विज्ञापन नं ३२७-०७७/७८, कार्यक्षमताको मूल्यांकन तर्फको पदसंख्या एकको लागि मिति २०७७।०९।२९ गतेको गोरखापत्र दैनिक पत्रिकामा प्रकाशित सुचना अनुसार आवेदन दिने उम्मेदवारहरु मध्ये बढुवा समितिबाट देहाय बमोजिमका **उम्मेदवारहरुलाई बढुवाको लागि सिफारिश गर्ने भनी मिति २०७७।११।११ मा निर्णय भएको हुँदा निजामती सेवा ऐन, २०४९ को दफा २४ च को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**क) विज्ञापन नं २३७-०७७/७८, जेष्ठता तथा कार्यसम्पादन मूल्यांकनद्वारा हुने बढुवा**

| योग्यता क्रम | उम्मेदवारको नाम | कार्यरत | | सिफारिस गरिएको | | प्राप्ताङ्क | |
|---|---|---|---|---|---|---|---|
| | | पद/श्रेणी | कार्यालय | पद/श्रेणी | कार्यालय | अंकमा | अक्षरमा |
| १ | खडक बहादुर घर्ती (संकेत नं.१९९६७४) | खरिदार/ रा प अनं द्वितीय | मालपोत कार्यालय, मुगु | नायब सुब्बा / रा प अनं प्रथम | रारा राष्ट्रिय निकुञ्जको कार्यालय, मुगु | १०० | एक सय मात्र |

**ख) विज्ञापन नं ३२७-०७७/७८, कार्यक्षमताको मूल्यांकनद्वारा हुने बढुवा**

| योग्यता क्रम | उम्मेदवारको नाम | कार्यरत | | सिफारिस गरिएको | | प्राप्तांक | |
|---|---|---|---|---|---|---|---|
| | | पद/श्रेणी | कार्यालय | पद/श्रेणी | कार्यालय | अंकमा | अक्षरमा |
| १ | रत्न बहादुर रावल (संकेत नं.२०५०४५) | खरिदार/ रा प अनं द्वितीय | जिल्ला हुलाक कार्यालय, मुगु | नायब सुब्बा / रा प अनं प्रथम | जिल्ला हुलाक कार्यालय, मुगु | ९४।८२ | चौरानब्बे दशमलव आठ दुई |


**Lamkichuha Municipality**
Office of Municipal Executive
Bhalka, kailali
Sudurpaschim Province, Nepal

**Invitation for Online Bids**

Date of publication: **2077/11/12**

1. Lamkichuha Municipality, Bhalka, Kailali invites electronic bids under e-procurement system from eligible bidder for the following construction work as shown in table below

| S.N. | Contract Package ID | Description of Works | BID Security Amount | Price of BID Document NRS. (Non Refundable) | Estimated Amount RS. (Excluding VAT & Contingencies) |
|---|---|---|---|---|---|
| 1 | 06/LCM/2077/078 | Motipur Hudai Kauwapur Jane Road Black Top Work | 110000 | 3000.00 | 4342232.62 |
| 2 | 07/LCM/2077/078 | Baliya dekhi uttar jane road Black Top works | 52000.00 | 3000.00 | 2021912.669 |
| 3 | 08/LCM/2077/078 | Lamkichuha ward no.1 Buspark purbigate uttar hudai jane road, Ward No.6 (Gulara Bagmara) , Mangala Bajgain ko ghar dekhi jahendra ko ghar samma, Ammarapur khelmaidan jane batora Shanti tol Pal Bazar Jodne Road Black Top Works | 180000.00 | 3000.00 | 7131109.78 |
| 4 | 09/LCM/2077/078 | Construction Of Balkalyan School Building | 300000 | 3000.00 | 10941516.69 |
| 5 | 10/LCM/2077/078 | Construction Of Sarswati Higher Secondary School Building | 140000 | 3000.00 | 4734809.21 |
| 6 | 11/LCM/2077/078 | Rastriya Namuna Ma.Vi. ko Sabhaa Hall Nirmaan | 80000 | 3000.00 | 3020529.14 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Lamkichuha Municipality, Kailalior may visit PPMO website www.bolpatra.gov.np/egp.Tel:091-419046 and email address of employer: lamkicm@gmail.com
3. A complete set of Bidding Documents may download fore-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Municipality as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: **Rastriya Banijya Bank, Lamki, Kailali**
   Name of Office: **Lamkichuha Municipality, Kailali**
   Office Account no.:**4450100301010002 (Aantarik Rajaswa Khata)**
4. Electronic bids must be submitted through e-procurement portal http://www.bolpatra.gov.np/egpbefore **2077 Chaitra 13 at 12:00 hours** Bids received after this deadline will be rejected.
5. The bids will be opened int he presence of Bidders' representatives who choose to attend at **2077 Chaitra 13 at 14:00 hours** at the office of Lamkichuha Municipality, Kailali. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e- bid, amounting to be mention above in table, which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
8. In case of discrepancy or error in Tender notice, bid document and other document of Construction of various Construction work mentioned above municipality reserves right to amend, Correct at any time. Such amendment and correction shall be published in the national dailynewspaper, noticeboard of the Lamkichuha Municipality, Bhalka,Kailali.
9. Any intimidation, collusion and cartelling during bidding process shall be punishable bylaw.
10. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission


**मैवाखोला गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय
साँघु,ताप्लेजुङ

**क्याटलग सपिङ विधिबाट एम्बुलेन्स खरिद गर्ने सम्बन्धी सूचना ।**

*प्रथम पटक प्रकाशित मितिः २०७७/११/१२ गते*

यस गाउँपालिकालाई आवश्यक पर्ने देहाय बमोजिमको Hard Top Jeep, 4WD थान एक (१) सार्वजनिक खरिद ऐन, २०६३ को (पहिलो संसोधन २०७३) को दफा ८ को उपदफा १ को (क) (८) तथा सार्वजनिक खरिद नियमावली,२०६४ को (चौथो संशोधन, २०७३) को नियम ३१, (ख) बमोजिम त्यस्तो मेशिनरी औजार उत्पादन कम्पनी वा सो को आधिकारीक विक्रेताहरु विच प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ) विधिबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त उत्पादक कम्पनी वा त्यस्तो आधिकारिक विक्रेताहरुले आ-आफ्नो फर्म दर्ता, भ्याट दर्ता, एजेन्सी दर्ता प्रमाणपत्र, Letterof Authorization र आ.व. २०७७/७८ को आयकर चुक्ता प्रमाणपत्रको (नोटरी पब्लिकबाट) प्रमाणीत प्रतिलिपिहरु समावेश गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ख) को उपनियम (२) अनुसार देहाय बमोजिमको मेशिनरी मेशिनरी औजारको उत्पादनको आधिकारिक स्पेसिफिकेशन, गुणस्तर, मुल्य र सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखि मिति २०७७/११/१८ गते कार्यालय समय भित्र यस कार्यालयमा निवेदन दर्ता गर्नुहुनसम्बन्धित उत्पादक वा आधिकारिक विक्रेताको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै मेशिनरि औजार Hard Top Jeep, 4WD को Technical Specification सम्बन्धी कागजात गाउँपालिकाको आधिकारिक website:- maiwakholamun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

**आवश्यक मेशिनरी औजारको विवरणः-**

| क्र. सं. | मेशिनरी औजार | संक्षिप्त विवरण | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | Hard Top Jeep 4WD | 4 WD Hard Top Jeep Diesel engines, engine power output not less then 60 HP at governed RPM with torque min.170 NM @governed RPM | १ (थान) | |

(देवी तुम्बापो)
**प्रमुख प्रशासकीय अधिकृत**